'गाउँ गाउँमा सुचना र सञ्चारको लागी हाम्रो अभियान'
www.namastekarnali.com
# नमस्ते कर्णाली
Namaste Karnali National Daily राष्ट्रिय दैनिक

वर्ष १ अंक : १४० बुधबार ०२ माघ, २०८१ 15 (Wednesday) January 2025 पृष्ठ ४, मूल्य रु : १०।-

### मुक्ती र स्वतन्त्रताको दिनको स्मरण गर्दै
## थारू समुदायले मनाए धुमधामका साथ माघी पर्व

नमस्ते समचारदाता

कोहलपुर, माघ/०१



माघ १ गते थारू जातिको स्वतन्त्रताको दिन हो र यस दिनलाई उनीहरुले आफ्नो समुदायको नयाँ वर्षको रुपमा समेत मनाउने गर्दछन् । परम्परा देखि नै थारु समुदाय मिहीनेती र परिश्रमिक समुदायको रुपमा आफ्नो पहिचान बनाएको समुदाय पनि हो । त्यसैले यो समुदाय सधैँ खेतीपातीमा व्यस्त रहने हुनाले माघीलाई उनीहरुले आफ्नो मुक्तिको दिनका रुपमा पनि लिने गरेका छन् । यस दिनमा मिठोमिठो खाएर, मघौटा नाच नाचेर माघी मनाउँने चलन छ र यस वर्ष पनि यसरी नै प्रत्येक थारु गाउँहरुमा माघी मनाइरहेका छन् । के गरिब, मध्यम, धनी जस्तोसुकै वर्ग भए पनि यहाँका थारूहरु माघी पर्वलाई भव्य रुपमा मनाउने गर्छन् । थारु समुदायका महिला, पुरुषहरुले आफ्नै संस्कृति झल्किने भेषभूषामा सजिएर जिल्लाका विभिन्न ठाउँमा माघी मनाइरहेको बाँके कोहलपुरका ११ का बच्चु थारुले बताए । कोहलपुर कमैया बस्तीका हरी थारुले माघ १ गते उज्यालो नहुँदै कसैसँग नबोलेर बालकदेखि वृद्धसम्मका सबै नदी, खोलामा गई नुहाएर माघी सुरु गरिने बताए । विभिन्न परिकारमध्ये माघीका दिन अनदीको चामलको जाँड विशेष मानिने हरी थारुले बताए । थारु संस्कार अनुसार, चामलको ढिक्री, घोंगी (शङ्खे किरा), सुँगुरको मासु, अनदीको जाँड र रोटी, तरुल, गन्जी, माछा माघीको दिनमा खाइने महत्वपूर्ण परिकार मानिन्छन् । सबै परिकार मालुको पातको दुना टपरीमा खाइन्छ । किनभने यो थारु जातिको परम्परागत भाँडो हो । माघीका दिन महिलाहरुले कपडाहरुमा संस्कृति झल्काउने गोन्या, चोल्या, लेहंगा, गट्या, अघरना लगाएका हुन्छन् भने गहनाहरुमा चाँदी र प्राचीन मोरु पैसाबाट बनाइएका भिछ्या, पैरी, चुरीया, टरीया, मुन्द्री आदि लगाएका छन् । यसैगरी पुरुषहरु पनि झुल्वा, भेग्वा, धोती आदि लगाएर दुनामा जाँड खाँदै महिला पुरुष आपसमा रमाइलो गरेर नाचिरहेका छन् । बाँके रझेनाका रामशरण थारुका अनुसार, यस दिन पहिले पहिले सट्टापट्टा विवाह गर्ने चलन थियो । सो चलन अनुसार आफ्ना छोरी बुहारीको सट्टापट्टा विवाह गराई जुन घरमा छोरी दिन्छौं, त्यही घरबाट बुहारी ल्याउँछौं, त्यति मात्र होइन माघीका दिन पेटभित्रको भ्रुणको समेत विवाहको छिनोफानो गर्ने चलन थियो । अहिले पहिले जस्तो सबैमा नभए पनि कही कही अझै पनि छ । उनले थारुहरुले सामाजिक, आर्थिक र पारिवारिक लगायत धेरै किसिमका कामको बाँडफाँट योजना र नीति तय यसैदिन गर्ने थारु समुदायको परम्परागत प्रचलन पनि रहेको छ । घरमुलीको चयन, बसाइसराइँको तय, आर्थिक पारदर्शिता, असमान व्यवहारको मूल्याङ्कन गरी घरमा कसको विवाह गर्ने कसको नगर्ने, छोराछोरीलाई पढाउने नपढाउने, घर छुट्टिने, जग्गा किनबेच गर्ने कि नगर्ने, जमिन्दारको जग्गा लगाउने छोड्ने वर्षभरिको सबै निर्णय गर्ने कार्य समेत माघ १ गते नै गरिने चलन रहेको कोहलपुर रझेनाका सामाजिक अगुवा सिताराम थारुको भनाइ छ ।

## नेपालगञ्जमा दशौं राष्ट्रिय योग दिवस मनाइयो

नमस्ते समचारदाता

नेपालगञ्ज, माघ/०१




"स्वस्थ समाज समृद्ध नेपाल र विश्व शान्तिका लागि योग" भन्ने मूल नाराका साथ दशौं राष्ट्रिय योग दिवस विभिन्न कार्यक्रम गरी मनाइएको छ । मङ्गलवार नेपालगञ्जमा योग समिति नेपालले आयोजना गरेको कार्यक्रममा बोल्दै कार्यक्रमका प्रमुख अतिथि नरैनापुर गाउँपालिकाका अध्यक्ष शैयद इस्तियाक अहमद शाहले सबै प्रकारको रोगबाट मुक्ति मिल्ने योगाभ्यास गाउँगाउँमा गर्न जरुरी रहेको भन्दै आफ्नो धारणा राखे । अध्यक्ष शाहले योगले शारीरिक तथा मानसिक रूपमा पनि नागरिकलाई स्वस्थ बनाउने भएकाले सरकारले यसलाई जोड दिएर राष्ट्रिय दिवसको रूपमा मनाउने गरेको पनि स्पष्ट पारे । योग समिति नेपालका अध्यक्ष योग गुरु गिरिराज भट्टराईले शारीरिक तन्दुरुस्तीका लागि पनि विश्वभर योगको आकर्षण बढ्दै गएको बताए । यसैकारण संयुक्त राष्ट्र सङ्घको आह्वानमा विश्वमा अन्तर्राष्ट्रिय योग दिवस कै रुपमा मनाउन सुरु गरिएको जानकारी दिएका थिए । योग व्यक्तिको शारीरिक, मानसिक र आध्यात्मिक स्वास्थ्यलाई सुदृढ गर्ने अभ्यास हो । आधुनिक चिकित्सा पद्धतिले रोग लागिसकेपछिको उपचार अनि शारीरिक पक्षहरूलाई महत्नव दिन्छ । तर योग अभ्यासले मनको शान्ति, आत्मनियन्त्रण र आध्यात्मिकतामा महत्व दिँदै आएको योग गुरु भट्टराईले जानकारी दिएका थिए । कार्यक्रममा वरिष्ठ अर्थोपेडिक डाक्टर बिनोद थापा, डाक्टर श्याम सुन्दर यादव, योग समिति नेपालका उपाध्यक्ष निर्मला शाह, लोक माया सुबेदी "सुमित्रा", सल्लाहकार जगदिश चन्द र मिन बहादुर मल्ल लगायतले शुभकामना व्यक्त गरेका थिए । कार्यक्रममा योग समिति नेपालका ३४ वटा केन्द्र संयोजक र प्रतिनिधिहरुको सहभागितामा रहेको थियो ।

## फोरजी चलेपछि गाउँमा स्थानीहरुमा खुसियाली

नमस्ते समचारदाता

बाजुरा, माघ/०१



बाजुरा देशकै दुर्गम जिल्लाका रूपमा मानिन्छ । यस जिल्लाको हिमाली गाउँपालिका पाडी यहाँका अन्य नौ वटै पालिकाको तुलनामा अझ विकट र दुर्गम मानिन्छ । फोन समेत लाग्न मुस्किल हुने यो गाउँपालिकामा यतिबेला भने फोरजी सहितको टेलिफोन सेवा सञ्चालनमा आएको छ । फोरजी चल्न थालेपछि अहिले यहाँका स्थानीय निकै खुसी छन् । टावरको निर्माण पूरा भएसँगै पाडीका घर घरमा फोरजी चल्न थालेको गाउँपालिका प्रमुख प्रशासकीय अधिकृत राजबहादुर भण्डारीले बताए । हिमाली-६, पाडीका स्थानीय अम्मर रावलले भने, 'यसअघि यहाँका बासिन्दा मोबाइलमा कुरा गर्न पनि कता अग्लो डाँडा छ भनेर खोज्दै हिँड्थे । अहिले भने घरमै बसेर आरामले कुरा गर्न सक्ने भएका छन् । यसले निकै सुबिस्ता भएको अनुभव भइरहेको छ । अहिले देश तथा विदेशमा रहेका आफन्तसँग भिडियो कल गर्न पाएका छौं । निकै खुसी पनि लाग्छ ।' गाउँमा फोरजीसम्मको सेवा पुऱ्याउन गाउँपालिकाले लामो समयदेखि प्रयास गरिरहेको थियो । गाउँबस्तीमा फोरजी चल्न थालेपछि अहिले यहाँका स्थानीयलाई स्थानीय सरकार घरमै पुगेको महसुस भएको पनि रावलले बताए । यहाँका अधिकांश गाउँबस्तीमा घाम लागेका बेला फोन लाग्ने र पानी परेका बेला फोन नलाग्ने गर्थ्यो । यहाँको भौगोलिक अवस्था अन्य स्थानीय तहको भन्दा निकै फरक छ । यस्तो कठिन परिस्थितिमा पनि यो पालिकाले यहाँका स्थानीयलाई विद्युत्, शिक्षा, स्वास्थ्य, खानेपानी, सडक, सञ्चार लगायतका विभिन्न सेवा उपलब्ध गर्दै आएको छ । पालिकाले विगत पाँच वर्षदेखि नेपाल टेलिकमको केन्द्रीय कार्यालय काठमाडौं, प्रदेश कार्यालय अत्तरिया जिल्ला कार्यालय बाजुरासँग निरन्तर पत्राचार, प्रत्यक्ष भेटघाट र अनुरोध तथा समन्वयपछि गत वैशाखदेखि पाडीमा टावर निर्माण कार्य सुरु भएको थियो । यसै हप्तादेखि सेवा शुरु भएको हो । यहाँ फोरजी सहितको टेलिफोन सेवा सञ्चालन भएसँगै सरकारी तथा गैरसरकारी कार्यालय, स्वास्थ्य र शिक्षा क्षेत्रमा पनि निकै सहज भएको छ । अबदेखि यहाँका विद्यालय डिजिटल शिक्षा, अनलाइन शिक्षा र स्वास्थ्यमा पनि अनलाइन सेवा सुरु गर्न सकिने आशा गरिएको छ । केही वर्ष अगाडि हिमालीको धुलाचौरमाथि डाँडामा पालिकाको १५ लाख रुपियाँ लगानी गरेर टावर निर्माण गरेपछि यहाँ फोरजी सेवा सञ्चालन भएको थियो । सो सेवा अहिले पाडीमा पनि सञ्चालन भएको छ । अबका केही दिनभित्र बिस्तारै हिमाली-१, २, ३, ४, ५, ६ र ७ गरेर सबै वडामा टावर र इन्टरनेट सहित टेलिफोन सेवा विस्तार गर्ने योजना रहेको प्रमुख प्रशासकीय अधिकृत भण्डारीले जानकारी गराए ।

नमस्ते कर्णाली विज्ञापन एजेन्सी
www.namastekarnali.com
नमस्ते कर्णाली मल्टिमिडिया प्रा.लि. द्वारा संचालित नमस्ते कर्णाली राष्ट्रिय दैनिक, नमस्ते कर्णाली राष्ट्रिय साप्ताहिक, namastekarnali.com मा विज्ञापन, सुचना, बोलपत्र आवहान सम्बन्धी सुचना, कर्मचारी भर्ना सम्बन्धी सुचना, जनहितमा जारी सुचना आदी प्रकाशन गर्नु परेमा हामीलाई सम्झनुहोला।
नमस्ते कर्णाली राष्ट्रिय दैनिक | नमस्ते कर्णाली राष्ट्रिय साप्ताहिक | नमस्ते कर्णाली डटकम
नमस्ते कर्णाली मल्टिमिडिया प्रा.लि.
सम्पर्क : कोहलपुर-११, बाँके
ब्युरो कार्यालय : सुर्खेत शाखा कार्यालय हुम्ला, मुगु, बाजुरा, कालिकोट, जुम्ला, सल्यान, जाजरकोट
कोहलपुर : ९८४७४८६९०३ हुम्ला : ९८६८३९६३३२ मुगु : ९८६८३७०८०५ बाजुरा : ९८६५६६८०९९
कालिकोट : ९८६५६६८०९९
FOLLOW US
namastekarnali2068@gmail.com
namastekarnali.com

नमस्ते कर्णालीमा लेख, रचना पठाउन
namastekarnali2067@gmail.com 9847246903

**सत्यवाणी :**

भौतिक तथा व्यवसायीक सुरक्षाका लागि पत्रकार एकता नयाँ संविधानमा पूर्ण प्रेस स्वतन्त्रता । - नेपाल पत्रकार महासंघ

# सम्पादकीय



## सद्भावको पर्व माघी

माघी सबै जातजातिले मनाउने पर्व हो । आ–आफ्नो समुदायमा फरक–फरक तरिकाले मनाउने प्रचलन रहेको छ । माघी नमनाउँने नेपालमा सायद कुनै जातजाति छैनन् होलान् । यस पर्वमा संघ, प्रदेश र स्थानीय तहले सार्वजनिक बिदा दिएर सम्बोधन गर्दै आएका छन् । यो बेला विभिन्न स्थानमा मेला लाग्ने गर्छ । जिल्लाका वडातहसम्म माघी विशेष कार्यक्रमहरु भइरहेका छन् । यो पर्व राजनीतिक नेताहरु जनतासम्म पुग्ने अवसर समेत बनेको छ । अरु पर्वजस्तै माघी पर्व पनि आपसी सद्भाव साट्ने, शुभकामना आदान प्रदान गर्ने, पारिवारिक, सामाजिक र राजनीतिक सम्बन्ध सुदृढ बनाउने अवसर समेत बन्ने गरेको छ । माघे संक्रान्तिदेखि सूर्य धनु राशिबाट मकर राशिमा प्रवेश गर्ने हुनाले यसलाई मकर संक्रान्ति पनि भनिन्छ । मंगलबारदेखि नै सूर्य दक्षिणी गोलार्द्धबाट उत्तरी गोलार्द्धतर्फ प्रवेश गर्ने भएकोले विस्तारै दिन लामो र रात छोटो हुँदै जाने विश्वास गरिन्छ । माघी पर्वमा कुण्ड वा तलाउमा गएर नुहाउने गरिन्छ । यो बेला धेरै भक्तजनहरु विभिन्न तीर्थस्थलमा पुगेर पनि स्नान गर्ने गर्दछन् । विभिन्न किसिमका कन्दमूल पकाएर खाने प्रचलन छ । त्यस्तै खिचडी, तिलको लयु, चाकु आदि खाने प्रचलन छ । माघी पर्वले मानव जीवनमा स्वास्थ्य, भोजन र प्रकृतिबीचको अन्योन्याश्रित सम्बन्ध झल्काएको देखिन्छ । माघीले मानव जातिलाई प्रकृति प्रेमतर्फ फर्काएको पनि देख्न सकिन्छ । थारु, मगर आदी जनजाति समुदाय माघीबाट आफ्नै छुट्टै समुदायगत नीति नियम पनि बनाएर लागु गर्दछन् । राष्ट्र–राज्यको अवधारणा नहुँदै यी जनजातिहरु आफ्नो समुदायलाई गणराज्यको रुपमा स्थापित गरेर छुट्टै नियम कानून बनाएर लागु गर्ने गर्दथे । सामाजिक विकास मात्र होइन, सामाजिक संरचनाका हिसाबले पनि माघी पर्वको विशेष महत्व छ । यो पर्वसँग जोडिएका कतिपय विकृति र अपमानपूर्ण व्यवहार अन्त्य हुने क्रम पनि जारी छ । चाडपर्वका नाममा भित्रिएका कतिपय विकृति विसंगति हटाउँदै नेपाली मौलिकपनको रक्षाका लागि सबै जुट्नुपर्छ । समुदायस्तरबाट साझा बन्दै गएका यी पर्वहरुलाई राष्ट्रिय पर्वको रुपमा स्थापित गरौं । माघी पर्वको सबैलाई हार्दिक शुभकामना ।

सुवर्ण अवसर ! सुवर्ण अवसर !! सुवर्ण अवसर !!!

यस गोल्डेन गेट मल्टिपल एकेडेमी प्रा.लि. शाखा कार्यालय कोहलपुर ३ पेलेनचोकमा उद्घाटन को अवसरमा विभिन्न कोर्षमा ५०% छुटमा विभिन्न कक्षाहरू संचालन हुन गहिरहेको हुदा तालिम लिन चाहनुहुने व्यक्तिहरूले सम्पर्क गर्नुहुन अनुरोध गरिन्छ ।

तालिमहरू / सिट

बेसिक कम्प्युटर (Basic Computer) ७० सिट
अंग्रेजी भाषा (English Language) ५० सिट



डिप्लोमा कम्प्युटर (Diploma Computer) ५० सिट
Online Package (Email/internet) 30 सिट

तपशिल
फारम भर्ने अन्तिम मिति :-
भर्ना मिति :-
कक्षा संचालन मिति :-

फारम पाइने स्थान
गोल्डेन गेट मल्टिपल एकेडेमी प्रा.लि.
प्रधान कार्यालय : कोहलपुर-११, गोलपार्क, बाँके
शाखा कार्यालय : कोहलपुर-३, पेलेनचोक, बाँके
सम्पर्क नं. ९८४७२४६९०३, ९८६८३७०८०५, ९८६९९६८१६५ goldengate2075@gmail.com

# मौलिकताको पर्व थारु माघी

लक्की चौधरी




माघ (माघी) पर्वमा गाइने सोमती चौधरी र विजय चौधरीको यो गीत माघ १ गते तलाउ वा नदीमा डुबुल्की मारेर स्नान गर्न गएका बेला युवक र युवतीबिचको प्रेमलयमा गाइएको हो । बुवाले बनाइदिएको सागरमा स्नान गर्न जाँदा छोरीले लगाएको सिन्दूर, बिन्दी र नथिया पानीघाटमा छुट्छ । सिन्दूर, बिन्दी र नथिया खरिद गर्न यताउता भौँतारिएर बनियाँको पसल पुग्छिन् । पसलेसँग सिन्दूर, बिन्दी र नथिया (नत्थी) को मूल्य सोध्छिन् । बकुल्लाको जोडी पानीघाटमा जसरी सुहाउँछ, नुहाउन गएका बेला कन्या केटी (टिरिया) को उपस्थितिले पानीघाट नै सुन्दर बन्छ । उनको उपस्थितिले पानीघाटको रौनक बढ्छ । भमरा उडेर युवतीको बिन्दीमा बस्छ । भमराले छोएपछि युवतीको बिन्दी नै मलिन (अपवित्र) हुन्छ । आफ्ना साथीसङ्गीसँग युवतीले गुनासो पोख्छिन् । व्यङ्ग्यात्मक यो भावात्मक लयले युवतीको पवित्रताको बयान गर्छ । थारू समुदायको सबैभन्दा ठुलो पर्व हो ‘माघ’ । यसलाई ‘माघ, माघी, खिचरा, तिलासङ्क्रात, माघेसङ्क्रान्ति’ पनि भनिन्छ । पूर्वका थारूले ‘तिलासङ्क्राइत’ भन्छन् । बिच (कपिलवस्तु-चितवन) का थारूले खिचरा पर्व भन्छन् । दाङपश्चिमका थारूले माघ भन्छन् । पश्चिम कञ्चनपुर देखि पूर्वको झापासम्म तराईको जिल्लामा थारू समुदायको बसोबास छ । ठाउँ अनुसार पर्वलाई आफ्नै शैलीमा मनाइन्छ । माघेसङ्क्रान्तिको नामले सबै नेपाली समुदायले पर्वलाई माघ १ गते मनाउँछन् । १२ महिनामध्ये एउटा महिना माघ हो । माघ महिनाको नामबाटै यो पर्वको नाम ‘माघ’ या माघी रहन गयो । पूर्वदेखि पश्चिमसम्मका थारू समुदाय काठमाडौँ उपत्यकामा यो पर्व २०५९ देखि मनाउन थालेपछि माघी सम्बोधन हुन थालेको मानिन्छ । माघलाई थारू समुदायले नयाँ वर्षका रूपमा मनाउँछन् । थारू संवत् अनुसार यो माघ २६४८ औँ हो । माघीलाई थारूको मौलिक संस्कृतिले भरिएको सबैभन्दा ठुलो पर्वका रूपमा लिइन्छ । माघेसङ्क्रान्तिको अघिल्लो दिन अर्थात् पुसको अन्तिम दिन थारूगाउँमा सुँगुर काट्ने प्रचलन छ । जसलाई थारूमा ‘जिता मर्ना’ भनिन्छ । सुँगुरको मासुसँग थारू परिकार ढिक्री, माछा, घोँगी, सिपी, गँगटा, अनदीको भात, मुरही, जाँडरक्सी खाने प्रचलन छ । पुसको अन्तिम दिन रातभरि जाग्राम बसिन्छ । त्यस रात थारू दफुको तालमा ‘धमार, धुमरु’ गीत गाउँछन् । भाले नबास्दासम्म गाइने सो गीतमा थारू इतिहास, रहनसहन, खेतबारी गर्ने चेतनामूलक गीत गाइन्छ । भाले बासेपछि पानीघाटमा गएर स्नान गर्ने प्रचलन छ ।

### माघ लहान

माघ १ लाई पवित्र दिन मानिन्छ । सुँगुर, बँगुर, हाँस, कुखुराको मासु खाने दिन पुस अन्तिम दिन हो । भोलिपल्ट अर्थात् माघ १ गते परम्परागत बाजागाजासहित सामूहिक रूपमा जलाशयमा गई स्नान गर्ने गरिन्छ । जसलाई थारूले ‘माघ लहान’ भन्छन् । नुहाउने कर्मलाई थारू भाषामा ‘लहैना’ भनिन्छ । त्यसैबाट माघ लहान भएको हो । यस दिन जलदेवतासँग पानी खरिद गरेर मात्र स्नान गरिन्छ । स्नान गर्दा पानीभित्र सिक्का छाडिन्छ । जलदेवतासँग पानी खरिद गरेर नुहाउँदा वर्षभरिको पापकर्म पखालिन्छ भन्ने विश्वास गरिन्छ । नुहाउन जाँदा बाटोभरि धमार गीत गाउने, मघौटा नाच नाच्ने चलन छ । जसको नेतृत्व बरघर या घरमूलीले गर्छन् । यो परम्पराले सामूहिकताको विकास गरेको छ । सहयोगको भावना वृद्धि गरेको छ ।

### आशीर्वादको प्रचलन

घरका ज्येष्ठ सदस्य तथा आफन्तबाट लामो समयपछि भेट हुँदा सम्मानस्वरूप शिर निहुर्‍याएर ढोग गर्ने र आशीर्वाद लिने प्रचलन छ । थारू समुदायमा अभिभावकको खुट्टा छोएरै आशीर्वाद लिने गरिन्छ । गाउँघरका सदस्यले कामविशेषले देशबाहिर, गाउँबाहिर रहँदा वर्ष दिनपछि घरमा जम्मा हुने र माघ १ गते चोखो पानीमा स्नान गरी पुर्खालाई ढोग गरेर आशीर्वाद लिनुमा छुट्टै मजा छ । यसले ठुलालाई सम्मान दिन्छ । एकअर्काको दीर्घायु तथा सुखी जीवनको मनग्गे आशीर्वाद लिनेदिने काम हुन्छ । ढोग, आशीर्वादले एकअर्कालाई जोडेको छ । यसले व्यक्ति व्यक्तिलाई मात्र जोड्ने होइन, समाज र देशलाई जोड्छ । मनमा शान्ति भएपछि समाजमा शान्ति कायम हुन्छ । समाजमा शान्ति भए देशमा शान्ति आउँछ भनिन्छ । थारूले माघ १ गते स्नान गरेपछि ठुलाको आशीर्वादका लागि चामल, नुन, दाललाई साक्षी राख्छन् । घरको देवता कोठा (दिहुरार) मा गुन्द्रीमा अलग अलग ती सामान राखिएका हुन्छन् । स्नान गरेर घरमा आएपछि पहिले चामल, नुन र दाललाई छोएर पाँच/पाँच अञ्जुली अर्को भाँडामा राख्छन् । त्यसपछि मात्र आफूभन्दा ठुलाको आशीर्वाद लिन्छन् । नजिकमा मठमन्दिर वा देवालय भएका गाउँका सदस्यले भगवान्को पूजा गर्छन् । पुर्खा र भगवान्को आशीर्वादले वर्षभरि सुखशान्ति, प्रगतिको आशीर्वाद प्राप्त हुने विश्वास गरिन्छ । घरका सदस्यले गाउँका सबै अभिभावककहाँ गएर आशीर्वाद लिने प्रचलन छ ।

### निसराउको पोको

माघ १ गते थारूले विवाहित चेलीबेटीलाई विशेष उपहार दिन्छन् । यसलाई थारू भाषामा ‘निसराउ’ भनिन्छ । नुहाएर घर आएपछि घरमा सगुनका रूपमा छोएको चामल, नुन र दाल नै निसराउ हो । त्यसमा थपेर चेलीबेटीलाई उपहारका रूपमा प्रदान गरिन्छ । आजभोलि नगदसहित निसराउ दिने प्रचलन बढ्दै गएको छ । माघी पर्वमा विवाहित चेलीलाई अनिवार्य माइत ल्याइन्छ । माइत आएका चेली फर्कने बेलामा निसराउ लिएर मात्र फर्किन्छन् । खाली हात चेलीबेटीलाई फर्काउन नहुने प्रचलन छ । कुनै कारणवश माइत आउन नपाएका चेलीलाई घरका सदस्यले निसराउ दिन चेलीबेटीको घर पुग्छन् । निसराउ दिने प्रचलनले घरका सदस्य र विवाहित चेलीबिचको सम्बन्धलाई प्रगाढ बनाउँछ । नाताकुटुम्बलाई जोड्ने काम गर्छ । त्यसैले निसराउ (उपहार) दिने चलनलाई महत्वका साथ हेरिन्छ । निसराउ उपहारको पोको मात्र होइन, यो सम्बन्ध गाँस्ने सेतु पनि हो ।

### मेलमिलापको पर्व

माघी पर्वले एकअर्काबिच भएको तिक्तता हटाउँछ । माघ १ गते जलाशयको चोखो पानीमा स्नान गरी एकापसमा अङ्कमाल गर्नाले वर्षभरिको रिसइबी हट्ने र नयाँ सम्बन्ध कायम हुने विश्वास गरिन्छ । चोखो पानीमा स्नान गर्नाले शरीरको रोग, बिमार, खटिरो हट्ने र वर्षभरिको पाप पखालिने विश्वास गरिन्छ । त्यसैले माघी पर्वलाई मेलमिलापको पर्व मानिन्छ । एकअर्कालाई ढोग, आशीर्वाद लिने प्रचलनलाई थारूहरुले ‘सेवा सलाम लग्ना’ भन्छन् । यसो गर्दा गाउँका सदस्यबिच एकता, मित्रता र आपसी सहयोगको भावनामा विकास हुन्छ ।

### माघ नयाँ वर्ष

थारू संवत् अनुसार यो माघ २६४८ औँ हो । माघी पर्वलाई थारूले नयाँ वर्षका रूपमा मनाउँछन् । कारण- पुस मसान्तसम्म आफ्नो लेनदेन, हरहिसाब गर्छन् । माघ १ देखि नयाँ खाता सुरु गर्छन् । वर्ष दिन गरेको कामको लेखाजोखा, हिसाब मिलान तथा गाउँको काम गर्न नियुक्त गरिएकाको पारिश्रमिक भुक्तान गर्छन् । माघ १ देखि नयाँ नियुक्ति हुन्छ । गाउँ सञ्चालन गर्न बरघर, गुरुवा, चिरक्या, घरमुली, अघारी, चौकीदार, कुलापानी गर्ने व्यक्ति, फलामको काम गर्ने व्यक्ति, गोठालो आदिको नयाँ नियुक्ति हुन्छ । वयस्क भएका छोराछोरीको विवाहको काम पनि माघबाटै सुरु हुन्छ । वर्ष दिनका लागि नयाँ योजना बनाउने र त्यसको कार्यान्वयनका लागि जिम्मेवारी सुम्पने काम हुने भएकाले थारूले यस पर्वलाई नयाँ वर्षको रुपमा मनाउँछन् । माघी पर्वमा सुँगुर, बङ्गुरको मासु, माछा, घोँगी, गँगटा, सिपी, अनदीको भात, ढिक्री, सिन्की, जाँड दारू विशेष परिकारका रूपमा खाने प्रचलन छ । यो पर्वमा मघौटानाच, छोक्रा, हुरदङ्ग्वा नाच नाचिन्छ ।

*–गोरखापत्र*

**जनहितमा जारी सन्देश**

- आफ्नो घर आगन सफा राखौं ।
- विकास निर्माणको काममा जन सहभागीता जुटाऔं ।
- बालबालिकालाई विद्यालय पठाऔं काममा नलगाऔं ।
- हावाहुरी चल्ने ठाउँमा आगो जथाभावी आगो नबालौं । बाल्नु परे पनि काम सकिना साथ तुरुन्त निभाउने गरौं ।
- छाडा चौपायाहरूलाई नियन्त्रण गरौं ।
- जन्मदर्ता, विवाहदर्ता, मृत्युदर्ता, बसाईसराई, व्यक्तिगत घटनाहरू समयमै नै दर्ता गरौं ।
- आफ्नो तिर्नु पर्ने कर समयमै तिरी जरीवाना बाट बचौ ।
- सभ्य समाजको निर्माणमा सहयोग पुऱ्याऔं ।
- दुर्व्यसनबाट बचौं र बचाऔं, घरेलु हिंसा विरूद्ध डटेर लागौं ।
- सार्वजनिक सम्पत्तिको संरक्षण गरौं । हरेक विकास निर्माणका कार्यहरूमा काँधमा काँध मिलाएर अघि बढौं ।
- पालिकाको हरेक विकास निर्माणका कार्यहरूमा सबै पालिकावासीले सहयोग गरौं ।

राप्ती सोनारी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
अगैया, बाँके

**जनहितमा जारी सन्देश**

- आफ्नो घर आगन सफा राखौं ।
- विकास निर्माणको काममा जन सहभागीता जुटाऔं ।
- बालबालिकालाई विद्यालय पठाऔं काममा नलगाऔं ।
- हावाहुरी चल्ने ठाउँमा आगो जथाभावी आगो नबालौं । बाल्नु परे पनि काम सकिना साथ तुरुन्त निभाउने गरौं ।
- छाडा चौपायाहरूलाई नियन्त्रण गरौं ।
- जन्मदर्ता, विवाहदर्ता, मृत्युदर्ता, बसाईसराई, व्यक्तिगत घटनाहरू समयमै नै दर्ता गरौं ।
- आफ्नो तिर्नु पर्ने कर समयमै तिरी जरीवाना बाट बचौ ।
- सभ्य समाजको निर्माणमा सहयोग पुऱ्याऔं ।
- दुर्व्यसनबाट बचौं र बचाऔं, घरेलु हिंसा विरूद्ध डटेर लागौं ।
- सार्वजनिक सम्पत्तिको संरक्षण गरौं । हरेक विकास निर्माणका कार्यहरूमा काँधमा काँध मिलाएर अघि बढौं ।
- पालिकाको हरेक विकास निर्माणका कार्यहरूमा सबै पालिकावासीले सहयोग गरौं ।

अदानचुली गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
श्रीनगर, हुम्ला

# लिमी प्रहरी चौकी ६ महिना बन्द

नमस्ते समचारदाता
हुम्ला, माघ/०१



नाम्खा गाउँपालिका-६ को हिमालपारीको गाउँ लिमीको सुनखानीमा स्थापना गरिएको सिमा सुरक्षा प्रहरी चौकी छ महिनाका लागि बन्द गरिएको छ । अत्याधिक चिसोको कारण चौकीमा प्रहरीलाई बस्न खाना समस्या हुने भएपछि कातिक १५ गतेबाट बन्द गरिएको प्रहरी सदरमुकाम सिमकोटमा फर्किएका हुन् । आगामी वैशाख १५ गतेसम्मका लागि प्रहरी चौकीमा ताला लगाएर प्रहरी जिल्ला प्रहरी कार्यालयमा फिर्ता भएको लिमीका वडा अध्यक्ष पाल्जोर तामाङले बताउनुभयो । चिसो अत्याधिक हने र खाना बस्नको समस्या हुने भएपछि कात्तिक १५ गतेबाट लिमीको सुनखानी प्रहरी चौकी बन्द गरिएको हो । उहाँले चौकीमा राखेर प्रहरीलाई समस्यामा पार्नुभन्दा जिल्लामै गएको राम्रो भएको बताउनुभयो । चौकीमा रहेका १३ जना प्रहरीहरु सदरमुकाम फर्केपछि चौकी सुनसान देखिने गरेको छ ।

यस्तै, बन्द भएको चौकी नजिक जङ्गली जनावरहरु आउँछन् । प्रहरी चौकी नजिक कुनै बस्तीहरु पनि छैनन् । लिमीका हल्जी र जाङ गाउँको बिचमा चौकी छ । प्रहरीलाई रासन पानीको व्यवस्था गर्न तिनै गाउँमा जानुपर्ने हुन्छ । अत्याधिक चिसो हुने भएको कारण प्रहरीलाई बस्न कठिन हुने देखिएपछि चौकी बन्द गरेर प्रहरीलाई जिल्लामा फिर्ता बोलाईएको जिल्ला प्रहरी कार्यालयले जनाएको छ । अर्को कुरा चौकी कुनै उजुरीहरु पनि पर्ने गरेका छैनन् । अब जिल्लामा फिर्ता भएमो प्रहरी आगामी वैशाख महिनामा लिमी फिर्ता हुनेछ । वैशाखमा प्रहरी चौकीमा पुगेर कार्यालय सञ्चालन गर्ने भएपनि खासै उजुरी पर्ने गरेको छैन । सो क्षेत्रमा हालसम्म सिमा सुरक्षाका कुनै घटना समेत भएका छैनन् । यसअघि हिल्सामा रहेको प्रहरी चौकी पनि यसरी नै हिउदको समयमा बन्द गरेर त्यहाँको जनशक्तिलाई मुचु प्रहरी चौकीमा सार्ने गरिएको भएपनि हिल्सामा सशस्त्र प्रहरी बस्न थालेपछि भने प्रहरी पनि हिउदमा हिल्सामै बस्न थालेको छ ।

# हुलाकी राजमार्ग मर्मत नहुँदा दुर्घटनाको जोखिम

नमस्ते समचारदाता
कैलाली, माघ/०१

कैलालीमा बाढीले भत्काएको हुलाकी राजमार्ग अहिलेसम्म मर्मत नगर्दा दुर्घटनाको जोखिम बढेको छ । गत भदौमा आएको बाढीले कैलारी गाउँपालिका-५, बैजपुर र भजनी नगरपालिकाको पुलियापुर नजिक भत्काएको थियो । बाढीले राजमार्ग किनार भत्काउँदै ठुल्ठुला खाल्टा बनाएको छ । ती खाल्टा पुरिएको छैन भने भत्केको किनार पनि मर्मत गरिएको छैन । भत्केको राजमार्ग मर्मत नहुँदा सवारीसाधन दुर्घटनाको उच्च जोखिम रहेको बैजपुरकी कविता चौधरीले बताउनुभयो । राजमार्ग भत्केको धेरै दिन भए पनि मर्मतका लागि सम्बन्धित निकायले ध्यान नदिएको उहाँको गुनासो छ । कटैनी नदीबाट ओभरफ्लो भएको बाढीले राजमार्ग भत्काएको थियो । भत्केको राजमार्ग मर्मतका लागि हुलाकी राजमार्ग आयोजनाको कार्यालयलाई आग्रह गरिएको वडा अध्यक्ष विष्णुप्रसाद चौधरीले बताउनुभयो । उहाँले भन्नुभयो, "हुलाकी राजमार्गमा स्थानीय सरकारले काम गर्न मिल्दैन । त्यसैले भत्केको राजमार्ग मर्मतका लागि हामीले आयोजनाको कार्यालयलाई आग्रह गरेका छौं । राजमार्ग स्तरोन्नति हुने भएकाले हुलाकी राजमार्ग आयोजनाको कार्यालयले तत्काल केही गरेको छैन ।"


## Himali Rural Municipality
## Office of the Municipal Executive
*Dhulachaur , Bajura*

## Invitation for Bids

**First Date of Publication: - 2081/10/02 BS, 2025/01/15 AD**

1. **Himali Rural municipality Dhulachaur, Bajura** invites only electronic bids from eligible bidders for the construction of following **works** under National Competitive Bidding under the Single-Stage, Single Envelope Biding Procedure.

| SN | Contract No/ Bid No | Description of Works | Total cost of project excluding VAT. | Bid Security Amount (NRs) | Bid document Price (NRs) | Remarks |
|---|---|---|---|---|---|---|
| 1 | HRM/NCB/WORKS/04/2081/82 | Kyudi Health Post Building Construction Work | 31,57,929.30 | 90,000.00 | 3000.00 | |

2. Purchase, Submission and Opening:

| Activity | Date | Time |
|---|---|---|
| Submission of Bid | Up to 2081/11/02 ( 14th Feb. 2025) | 12:00 Hrs |
| Opening of Bid | Up to 2081/11/02 ( 14th Feb. 2025) | 14:00 Hrs |

3. Information to deposit the cost of bid document & Bid Security Amount:
Name of the Bank: Sanima Bank, Dhulachaur, Bajura
Name of Office: Himali Rural Municipality, Dhulachaur, Bajura
Account no.:**074010040000007** (For Bid Document Price)
Account no:**074010020000009** (For Bid Security Amount)

4. Pre-bid meeting shall be held at Himali Rural Municipality, Dhulachaur, Bajura at **2081/10/23 (05 February 2025)** at **13:00** hrs.
5. Bidder should download the bidding documents for e-submission from PPMO's e-GP system www.bolpatra.gov.np/egp. Bidders should submit their bids: "by electronic only". Bids received after **2081/11/02 (14th February 2025) 12:00** deadline will be rejected.
6. The unit price furnished in words shall prevail in case of any discrepancy between figures and words.
7. Matters not covered by this notice shall be in accordance with Public Procurement Act 2063 including latest amendment as well and Public Procurement Regulation 2064.
8. Bids must be valid for a period of 90 days after bid opening which shall be valid for 30 days beyond the validity period of the bid.
9. The Employer reserves the right to accept or reject, wholly or partly any or all the bids without assigning any reason, what so ever.
10. Bidder should compulsory submit the work schedule and Site Visit Report along with the Bid Document.
11. For all other details, please refer to the complete set of bidding documents at Himali Rural Municipality, Dhulachaur, Bajura.

Chief Administrative Officer


## ठूला विकास योजनाको प्रगती निरासाजनक भएपछि
# मुख्यमन्त्री आफै पूर्वाधार योजनाहरुको स्थलगत अनुगमनमा

नमस्ते समचारदाता
सुर्खेत, माघ/०१



कर्णाली प्रदेशमा सञ्चालनमा रहेका पूर्वाधारको ठूला योजनाहरुको भौतिक प्रगती निरासाजनक रहेको भनेर विभिन्न सञ्चार माध्यमहरुमा निरन्तर समाचारहरु आइरहेको र जनगुनासोहरु समेत सुनिए पश्चात कर्णाली प्रदेशका मुख्यमन्त्री यामलाल कँडेल यतिबेला पूर्वाधार निर्माणको अवस्था बुझ्न स्थलगत अनुगमन तथा अवस्थाको बारेमा गहिरो अध्ययमा केन्द्रित भएका छन् । प्रदेशका विभिन्न जिल्लामा भइरहेको विकास निर्माणको अवस्था बारेमा जानकारी लिने उद्देश्यले मुख्यमन्त्री कँडेल स्थलगत रूपमै पुग्ने गरेको मुख्यमन्त्रीको सचिवालयले जानकारी गराएको छ । गत हप्ता मात्रै मुख्यमन्त्री कँडेलले आधा दर्जनभन्दा बढी आयोजनाको अवलोकन गरेका छन् । पश्चिम सुर्खेतका तीन स्थानीय तहमा सञ्चालन भएका विकास निर्माणबारे अनुगमन गरेका छन् । मदन भण्डारी राजमार्गको पश्चिम खण्डको कामका, लखरपाटा सिमेन्ट कारखानाको उद्योग सञ्चालन गर्ने प्रस्तावित क्षेत्र चौकुने गाउँपालिका-९, सुनकाँडाको अवलोकन समेत गरेका छन् । अनुगमन पश्चात सम्भावना हुँदाहुँदै पनि निर्माण कम्पनीले काम गर्न नसकेको पाइएको मुख्यमन्त्री कँडेलले बताए । सिमेन्ट उद्योगका लागि ५४५ रोपनी निजी जग्गामा करिब ३ हजार १ सय मिटर तारबार गरिएको कँडेलको भनाइ छ । अबको केही समयमा ३३ केभिए लाइन विस्तार हुने पनि मुख्य मन्त्रीले जानकारी गराए । उद्योग सञ्चालन क्षेत्रका स्थानीयसँग छलफल समेत गरेका थिए । यसै गरी प्रदेश सरकारको लगानीमा नाला र कालोपत्रे निर्माण भइरहेको घाटगाउँ-गुटु १४ किलोमिटर सडक र सुर्खेत, घाटगाउँ र कैलाली मोहन्याल जोड्ने चिप्ले पुलको अवलोकन गरिएको छ । घाटगाउँकै भेरीकर्णाली दोभान, शिवधाम र पञ्चपुरी नगरपालिका-१० र ११ तातोपानी क्षेत्रमा प्रदेश सरकारको लगानीमा कालोपत्रे भइरहेको सडकको समेत मुख्यमन्त्री कँडेलले अवलोकन गरेका हुन । मदन भण्डारी राजमार्ग अन्तर्गत पश्चिम सुर्खेतको बयीचौर-खम्बागाडे सडकखण्डको काम सुस्त गतिमा भइरहेको छ । हालसम्म २२ प्रतिशत भौतिक प्रगति भएको छ । वित्तीय प्रगति २० प्रतिशत भएको छ । उक्त सडकखण्डको साढे १२ किलोमिटरमा सडक निर्माणको काम भइरहेको हो । यो सडकखण्डका लागि प्रदेश सरकारले ४२ करोड बजेट विनियोजन गरेको छ । अनक जयदेवी जेभी बाँकेले ४२ करोड ४७ लाख ६१ हजार रुपियाँमा प्रदेश सरकारको पूर्वाधार विकास निर्देशनालयसँग सम्झौता गरेको हो । २०७९ सालदेखि काम सुरु भएको उक्त खण्डमा २०८१ असार १५ गतेसम्म काम सम्पन्न गर्नुपर्ने भए पनि काम अझै अधुरै छ । म्याद थप गरेर निर्माणको काम भइरहेको हो । २०८२ साल असार १२ गतेसम्मका लागि म्याद थपिएको छ । उक्त खण्डमा अहिले निर्माणको काम कछुवा गतिमा भइरहेको छ । कलभर्ट निर्माण, नाला निर्माण र सडक विस्तारको काम भइरहेको पूर्वाधार विकास निर्देशनालयका सूचना अधिकारी वीरेन्द्रजङ्ग शाहीले बताए । उनका अनुसार निर्माण कम्पनीको लापर्बाहीका कारण कामको प्रगति न्यून रहेको छ । मदन भण्डारी राजमार्ग अन्तर्गत पश्चिम सुर्खेतका दुई खण्डमा नयाँ ठेक्का सम्झौता गरेर काम अघि बढाइएको छ । चौकुने गाउँपालिकाको वडा नं. ३ बल्देदेखि वडा नं. २ लगामसम्म र पञ्चपुरी नगरपालिकाको वडा नं. ३ चौरदेखि वडा नं. ९ विद्यापुर सम्म ठेक्का सम्झौता गरिएको हो । दुई खण्डमा गरी २५ किलोमिटर सडक निर्माण गरिने मदन भण्डारी राजमार्ग योजना कार्यालय सुर्खेतले जनाएको छ । दुई खण्डलाई एउटै प्याकेज गरी सडक निर्माण गर्न लागिएको हो । जस अन्तर्गत बल्देदेखि लगामसम्म १५ किलोमिटर र चौरदेखि विद्यापुरसम्म १० किलोमिटर सडक निर्माण गरिने छ । ठेक्का सम्झौता भई सडक निर्माणको काम धमाधम अघि बढेको राजमार्ग योजना कार्यालयका इन्जिनियर रेशम ओलीले बताए । उनका अनुसार दुई खण्डको कामलाई एउटै प्याकेजमा गरी सडक निर्माण गर्न लागिएको हो । दिवा यति बिल्डर्स सातदोबाटो ललितपुर र मदन भण्डारी राजमार्ग योजना कार्यालय सुर्खेतबिच ठेक्का सम्झौता भएको छ । २०८१ भदौ १४ देखि २०८४ भदौ १४ गतेसम्म निर्माण सम्पन्न गर्नुपर्ने सम्झौतामा उल्लेख गरिएको छ । एक अर्ब २६ करोड लागतमा २५ किलोमिटर सडक निर्माणको सम्झौता गरिएको हो । यो आयोजना अघि बढेसँगै पश्चिमका तिनै खण्डमा काम सुरु भएको छ ।




## लुम्बिनी प्रदेशमा सुशासनको हबिगत

# कार्यान्वयन गर्ने सरकारी निकायहरुलाई नै थाहा छैन कानून

■ नमस्ते समचारदाता

दाङ, माघ/०१



२०७७ वैशाख २४ गते राजपत्रमा प्रकाशित भएको लुम्बिनीको प्रदेश सुशासन ऐन २०७६ लागु भएको साढे चार वर्ष बितिसक्यो । यातायात व्यवस्था कार्यालयका कर्मचारीलाई लुम्बिनीमा प्रदेश सुशासन ऐन २०७६ भएको र यो कार्यान्वयन गर्नु पर्छ भन्नेसम्म थाहा छैन । यसमा भएका प्रावधान कार्यान्वयनको कुरा त परैको कुरा हो । यातायात व्यवस्था कार्यालय तुलसीपुर लुम्बिनी प्रदेश अन्तर्गतको धेरै राजश्व संकलन गर्ने र सेवाग्राहीको धेरै भीड हुने कार्यालय मध्ये एक हो । त्यस कार्यालयका कर्मचारीहरुलाई प्रदेश सुशासन ऐन २०७६ बारे जानकारी नै नभएको सुन्दा अचम्म लाग्ने गरेको एक सेवाग्राही नै बताउँछन् । यस्तै अनभिज्ञता स्वास्थ्य कार्यालय दाङका कर्मचारीलाई पनि छ। यातायात र स्वास्थ्य कार्यालय मात्रै होइन प्रदेशमा रहेका ७० प्रतिशत बढी कार्यालयका प्रमुख र कर्मचारीलाई नै सुशासन ऐन २०७६ बारे जानकारी छैन। लुम्बिनीको प्रदेश मामिला तथा कानून समितिले प्रदेशका ७० प्रतिशत बढी कार्यालय प्रमुखलाई नै कानून बारे जानकारी नभएको जनाएको छ । प्रदेशसभा सदस्य एवं प्रदेश मामिला तथा कानून समितिकी सदस्य निमा गिरी धेरै कार्यालयहरु कानून बारे नै अनभिज्ञ भएको बताउछिन । गिरीले भनिन्, 'राप्ती प्रादेशिक अस्पताल तुलसीपुर, पूर्वाधार विकास कार्यालय, कृषि ज्ञान केन्द्र, खानेपानी कार्यालय, र यातायात जस्ता कार्यालयका प्रमुखलाई पनि कानून बनेको थाहा रहेनछ । कार्यान्वयन गर्ने निकायनै कानून बारे अनभिज्ञ हुँदा सेवा प्रवाह सुशासनमैत्री बनाउने कुरामा कसरी संभव प्रभावकारी भएको होला ? ।'

'कानूनको अज्ञानता क्षम्य हुँदैन'- भन्ने कानूनको सामान्य सिद्धान्त हो । यसको सोझो अर्थ भनेको कानूनले कानूनका प्रावधान तथा व्यवस्थाहरु बारे सामान्य मानिसलाई ज्ञान हुन्छ भन्ने आँकलन गर्दछ । कसैले कानून प्रतिकुल हुने कार्य गरेमा सो कार्य गर्दा आफूलाई कानूनको ज्ञात नभएको भन्ने तर्क लिई आफूलाई बचाउ गर्न पाउँदैन र यस्तो तर्क लिनेलाई कानूनले उन्मुक्ति दिदैन । यो आम मानिसका लागि हो । कार्यालयका प्रमुख तथा कर्मचारीलाई नै कानूनबारे थाहा नहुँदा कानूनले दिएको अधिकार उपयोग गर्ने आम जनतालाई झन कसरी थाहा हुनु । ' प्रदेश मामिला तथा कानून समितिका विज्ञ सदस्य अर्जुन पौडेलले ऐनले धेरैजसो सरकारी सेवामा सुशासनको कुरा गरेको र कार्यान्वयन गर्ने निकाय नै अनभिज्ञ हुँदा कार्यान्वयनको अवस्था फितलो भएको बताउँछन् । पौडेल भन्छन्, 'हामीले विभिन्न कार्यालयको अनुगमन गर्दा कार्यालय प्रमुखलाई नै कानून बनेको थाहा नभएको पायौं । कार्यालय प्रमुखको काम कर्तव्य लगायत ५५ दफामा तोकिएको व्यवस्था नै कार्यालय प्रमुखले थाहा नपाउँदा कार्यान्वयनको अवस्था फितलो भएको प्रष्ट हुन्छ ।' पौडेलले क्षतिपूर्ति सहितको नागरिक वडापत्र जस्ता व्यवस्थाको कार्यान्वयन नहुनुले पनि ऐन कार्यान्वयन फितलो भएको सअजै अनुमान गर्न सकिन्छ ।' ऐनको दफा १२ ले कार्यालय प्रमुखको जिम्मेवारी तोकेको छ । आफू बहाल रहेको कार्यालयको व्यवस्थापन, दैनिक कार्य सञ्चालन तथा सो कार्यालयमा कार्यरत कर्मचारीको सुपरीवेक्षण गर्ने, आफू बहाल रहेको कार्यालय अन्तर्गत सञ्चालित आयोजना तथा कार्यक्रमहरुको काम निश्चित समयभित्र सम्पन्न गर्न लगाउने, आफू बहाल रहेको कार्यालयबाट जनसाधारणलाई प्रदान गरिने सेवालाई गुणस्तरीय, पारदर्शी र प्रभावकारी बनाउने लगायतका प्रावधान छन् । परिच्छेद ४ मा प्रशासनिक कार्य सम्पादन गर्दा अपनाउनु पर्ने कार्यविधि तोकिएको छ। निश्चित कार्यविधि अबलम्बन गर्नुपर्ने, निश्चित समयभित्र निर्णय गर्नुपर्ने, निर्णय गर्दा पारदर्शीता कायम गर्नुपर्ने, आधार र कारण खुलाएर निर्णय गर्नुपर्ने, स्वार्थ बाझिएमा निर्णय गर्न नहुने जस्ता प्रावधान छन् । पदीय र पेशागत आचरण देखि पदीय उत्तर दायित्व सम्मको व्यवस्था ऐनमा छ । परिच्छेद ५ को सेवा प्रवाह तथा गुनासो सम्बन्धी व्यवस्थामा क्षतिपूर्ति सहितको नागरिक वडापत्र राख्नुपर्ने, ई गभर्नेन्स प्रणालीको उपयोग, डाइरेक्ट इन्टरफेस बिनै सेवा, घुम्ती सेवा सञ्चालन, न्यायोचित सेवा शुल्क निर्धारण सम्बन्धी व्यवस्था, सार्वजनिक सुनुवाइ गर्नुपर्ने, गुनासो व्यवस्थापन तथा कुनै कार्यालय भित्र हुन लागेको अनियमितता वा गम्भीर त्रुटि हुन नदिने उद्देश्यले कर्मचारी वा सरोकारवालाले उजुरी दिन सक्ने व्यवस्था समेत ऐनले गरेको छ। लुम्बिनी प्रदेशको प्रदेश मामिला तथा कानून समितिले प्रदेशमै पहिलो पटक लुम्बिनी प्रदेश सुशासन ऐन २०७६ को कार्यान्वयन र प्रभावकारिताको मूल्यांकन गर्न उत्तर विधायकी परीक्षण कार्यक्रम गरेको छ । लुम्बिनी प्रदेशको प्रदेश मामिला तथा कानुन समितिकी सभापति दिलकुमारी बुढाको अध्यक्षतामा घोराहीमा राखिएको सार्वजनिक सुनुवाइ कार्यक्रममा कानून कार्यान्वयन र प्रभावकारिताका विषयमा छलफल भएको थियो । कार्यक्रममा बोल्दै प्रदेशसभा सदस्य तथा पूर्वमन्त्री इन्द्रजीत थारुले लुम्बिनीमा पहिलो पटक कानूनका विषयमा सार्वजनिक सुनुवाइ भएकोमा आयोजकलाई धन्यवाद दिदै प्रदेशमा बनेका कानूनहरुले नै विधि मिचेको बताए । 'ऐन, नियमावली, कार्यविधि सबैले अधिकार प्रत्यायोजन गरेको छ, यो विधिसम्मत छैन। ऐन, नियमावली, कार्यविधिले अधिकार प्रत्योजन गर्ने होइन, कार्यान्वयन गर्ने हो ।' थारुले भने । कार्यक्रममा तुलसीपुर उपमहानगरपालिकाका मेयर टिकाराम खड्का, घोराही उपमहानगरपालिकाकी उपमेयर हुमा डिसी, बंगलाचुली गाउँपालिकाका उपाध्यक्ष भक्तबहादूर जिसी, घरेलु तथा साना उद्योग कार्यालयका गोपाल पौडेल, राजकुमार चौधरी लगायतले धारणा राखेका थिए।

# राप्तीसोनारीको भुवर भवानीमा माघी मेला शुरु

■ नमस्ते समचारदाता

बाँके, माघ/०१



माघी अर्थात् माघे संक्रान्तिका अवसरमा बाँकेको राप्तीसोनारी गाउँपालिका-३ स्थित भुवर भवानी मन्दिर परिसरमा ऐतिहासिक माघी मेला सुरु भएको छ । बैजापुरस्थित भुवरभवानी मन्दिर परिसरमा प्रत्येक वर्ष माघी पर्वका अवसरमा पुस २९ देखि माघ ४ गतेसम्म लाग्ने माघी मेलामा बाँकेका साथै छिमेकी जिल्ला र भारतबाट समेत भक्तजन आउने गरेको मेलाका संरक्षक एवं वडाध्यक्ष मीनकुमार थारूले जानकारी गराएका छन् । वडा अध्यक्ष थारुले भुवरभवानी माघी मेलाबारे भने, 'भुवरभवानी मन्दिर नेपाल र भारतमा प्रचलित भएकाले यसको अझ प्रचारप्रसार गर्न सके आस्थाको गन्तव्य बन्न सक्छ। धर्म र आस्थाको संरक्षणका लागि बाहिरी पर्यटन भित्र्याउन यो मेला सहयोगी बन्दै आएको छ ।' विसं २०१३ मा स्थापना भएको भुवरभवानी मन्दिरमा वर्षमा तीनपटक विशेष पूजासँगै लाग्ने मेलामा व्यापार व्यवसायका साथै सांस्कृतिक कार्यक्रम सञ्चालन हुने गरेको मेलाका संरक्षक एवं राप्तीसोनारी गाउँपालिका-३ का वडाध्यक्ष तुलसीरामले बताए। बेलामा थारु समुदायका मानिसहरु मात्र होइन पहाडी तथा अन्य समुदायका मानिसहरुको पनि त्यत्तिकै उपस्थिति हुने गरेको छ।

# कोहलपुरमा विद्यालय शिक्षकलाई भूकम्पबारे अनुशिक्षण

■ नमस्ते समचारदाता

कोहलपुर, माघ/०१



कोहलपुर नगरपालिकाले विद्यालय विपद् व्यवस्थापन सम्पर्क शिक्षकहरुलाई भूकम्प जोखिम न्यूनीकरण सम्वन्धी अनुशिक्षण गरेको छ । राष्ट्रिय भूकम्पीय सुरक्षा दिवसको अवसरमा कोहलपुर नगरपालिका अन्तगर्त रहेका सामुदायिक तथा संस्थागत विद्यालयका ६८ जना विपद् व्यवस्थापन सम्पर्क शिक्षकहरुलाई सैद्धान्तिक तथा अभ्यासका माध्यमबाट अनुशिक्षण प्रदान गरिएको कोहलपुर नगरपालिकाका नगर प्रहरी प्रमुख वीर बहादुर थापाले जानकारी गराएका छन् । नेपालमा विगतका समयमा गएका शक्तिशाली भूकम्पमा विद्यालय, शिक्षक तथा विद्यार्थीहरु बढी जोखिममा रहेको पाइएपछि जोखिम न्यूनीकरणका सवालमा सिकाई प्रदान गर्न विज्ञ समूहद्धारा विद्यालयका शिक्षकहरुलाई अनुशिक्षण प्रदान गरिएको कोहलपुर नगर प्रहरी प्रमुख बीर बहादुर थापाले बताए। एक दिने अनुशिक्षण कार्यक्रमलाई सम्वोधन गर्दै नगर प्रमुख पूर्ण प्रसाद आचार्यले प्राकृतिक विपद्हरु वाजा बजाएर नआउने भएकाले यस्ता विपद्बाट जोगिन पूर्वसावधानी आवश्यक रहेको बताए । नगर प्रमुख आचार्यले विगतका भूकम्पहरुले पुऱ्याएको क्षती आंकलन गरेर त्यस्तोबाट जोगिन अपनाउनु पर्ने सावधानीका बारेमा शिक्षकहरुलाई सिकाउने र शिक्षकहरुले विद्यार्थी तथा समाजमा जागरुकता प्रदान गर्ने भएकाले अनुशिक्षणको महत्वपूर्ण भूमिका रहेको बताए। विपद्को क्षेत्रमा क्रियाशील संगठन सशस्त्र प्रहरी नायव उपरीक्षक तिर्थराज न्यौपानेले प्रशिक्षण प्रदान गरेका थिए । कोहलपुर नगरपालिका वन वातावरण तथा विपद् व्यवस्थापन समितिका संयोजक पवित्रा कुमारी थारुको अध्यक्षतामा सो क अनुशिक्षण कार्यक्रम सम्पन्न भएको थियो।

# माघे सङ्क्रान्तिमा मगर समुदायको सांस्कृतिक झाँकी

■ नमस्ते समचारदाता

बाँके, माघ/०१



थारु समुदायले मात्र होइन, माघीमा अन्य समुदायहरुले समेत आफ्नो परम्परा र संस्कृती अनुसार मनाउने गर्दछन् । ब्राहृण, क्षेत्री, ठकुरी आदी समुदायमा गन्जी, तरुण, फर्सी,पिडालु आदीको साथै मासको दालमा चामल, घ्युउ, तेल, नून, बेसार राखेर खिचडी मकाएर खाने चलन रहेको छ भने मगर समुदायहरुमा गन्जी,तरुण, फर्सी,पिडालु आदीको साथै मासु, रक्सी, सेलरोटी समेत खाने चलन रहेको छ । माघी संक्रान्तीकै अवसरमा नेपाल मगर सङ्घ नेपालगन्ज उपमहानगरपालिका समिति बाँकेले मङ्गलबार नेपालगन्ज-२० राँझामा माघे सङ्क्रान्तिको शुभकामना कार्यक्रम गरेको छ । राष्ट्रिय सांस्कृतिक पर्व माघे सङ्क्रान्तिको शुभकामना आदानप्रदान कार्यक्रम सुरु हुनु अघि मगर संघ बाँकेको अगुवाईमा जातीय भेषभूषा सहित राँझा बजारमा सांस्कृतिक झाँकी निकालेका थिए । सांस्कृतिक झाँकीमा मगर समुदायका युवायुवतीले नृत्य प्रदर्शन गर्नुका साथै विभिन्न परिकारहरु समेत सेवन गरेका थिए।

जनहितमा जारी सन्देश

- आफ्नो घर आगन सफा राखौं ।
- विकास निर्माणको काममा जन सहभागीता जुटाऔं ।
- बालबालिकालाई विद्यालय पठाऔं काममा नलगाऔं ।
- हावाहुरी चल्ने ठाउँमा आगो जथाभावी आगो नबालौं । बाल्नु परे पनि काम सकिना साथ तुरुन्त निभाउने गरौं ।
- छाडा चौपायाहरूलाई नियन्त्रण गरौं ।
- जन्मदर्ता, विवाहदर्ता, मृत्युदर्ता, बसाईसराई, व्यक्तिगत घटनाहरू समयमै नै दर्ता गरौं ।
- आफ्नो तिर्नु पर्ने कर समयमै तिरी जरीवाना बाट बचौ ।
- सभ्य समाजको निर्माणमा सहयोग पुऱ्याऔं ।
- दुर्व्यसनबाट बचौं र बचाऔं, घरेलु हिंसा विरुद्ध डटेर लागौं ।
- सार्वजनिक सम्पत्तिको संरक्षण गरौं । हरेक विकास निर्माणका कार्यहरूमा काँधमा काँध मिलाएर अघि बढौं ।
- पालिकाको हरेक विकास निर्माणका कार्यहरूमा सबै पालिकावासीले सहयोग गरौं ।

ताँजाकोट गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
चाखुरे, हुम्ला

नमस्ते कर्णाली
Namaste Karnali National Daily राष्ट्रिय दैनिक
नमस्ते कर्णाली राष्ट्रिय दैनिकका लागि प्रकाशक/ सम्पादक : अशोक भण्डारी ,प्रधान कार्यालय : कोहलपुर-११ बाँके, शाखा:सुर्खेत,हुम्ला,मुगु,कालिकोट,जुम्ला,डोल्पा,बाजुरा
सम्पर्क : ९८४७२४६९०३ इमेल: namastekarnali1@gmail.com मुद्रण: गैरे अपसेट प्रेस (छापाखाना), कोहलपुर, बाँके